नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**योजना तथा अनुगमन शाखा**
**सिंहदरबार, काठमाडौं**
☎ ४२००३२३
४२००३२२

पत्र संख्या : २०७६/७७
च.नं. : २८६

मिति: २०७६/११/०४

**विषय: आ.व. ०७६/७७ को आर्थिक सर्भेक्षणको विवरण उपलव्ध गराइदिने सम्बन्धमा।**

श्री शाखाहरू (सबै), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक ललितपुर।
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल।
श्री निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौं।
श्री तराई मधेश समृद्धि कार्यक्रम।
श्री प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम, बबरमहल।
श्री बहुक्षेत्रीय पोषण कार्यक्रम।
श्री आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको च.नं. ११५/०७६/७७ मिति २०७६/०९/११ को पत्रानुसार नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमको कार्यप्रगतिको समीक्षा एवं यसले अर्थतन्त्रमा पारेको प्रभाव मूल्यांकनको विश्लेषण गरी हरेक बर्ष आर्थिक सर्भेक्षण प्रकाशन गर्ने हुँदा सोही प्रयोजनको लागि चालु आ.व. ०७६/७७ मा यस मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सम्पादित कार्यहरु, तिनको लक्ष्य, प्रगति र तिनले अर्थतन्त्रमा पुऱ्याएको योगदान समेतको विश्लेषण गरी विवरणहरु माग भई आएको हुँदा तहाँ महाशाखा/शाखा/विभाग/समिति/प्रतिष्ठान/आयोजनाहरु मार्फत सम्पादित भएका कार्यहरुको माग भए बमोजिम बुदाँ नं ४, ५ र ७ वाहेकका देहायका विवरण २०७६/११/१६ भित्र यस यस शाखामा अनिवार्य रुपमा आईपुग्नेगरी पठाईदिनु हुन आदेशानुसार अनुरोध छ।

**विवरणको ढाँचा/खाका**

१) तहाँ कार्यक्रम/शाखा/ निकायहरुबाट सम्पादन भएका कार्यहरुको प्रगति उपलब्धीहरुलाई सङ्घीय ढाँचा (संघ, प्रदेश र स्थानीय तह) बमोजिम आर्थिक सर्भेक्षणमा राखिने विवरणहरु,
२) क्षेत्रगत मुख्य/मुख्य नीति तथा कार्यक्रम, लक्ष्य र प्रगतिको विद्यमान अवस्था बारेको संक्षिप्त विश्लेषण,
३) आर्थिक वर्ष २०७५/७६ मा सञ्चालित नीति तथा कार्यक्रमहरुको लक्ष्य र प्रगति एवं प्राप्त उपलब्धिहरुको मूल्याङ्कनसहितको संक्षिप्त विवरण,
४) आर्थिक वर्ष २०७६/०७७ को प्रथम आठ महिनाको प्रगति र सोको आधारमा हुने वार्षिक अनुमान *(यो विवरण २०७६/१२/०५ भित्र पठाउनु पर्ने)*

नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**योजना तथा अनुगमन शाखा**

☎ ४२००३२३
४२००३२२

**सिंहदरबार, काठमाडौं**

पत्र संख्या : २०७६/७७
च.नं. : ८८६

५) मन्त्रालय अन्तर्गतका विकास आयोजना तथा कार्यक्रमहरुवाट सिर्जित रोजगारीको विवरण, *(यो विवरण २०७६/१२/०५ भित्र पठाउनु पर्ने)*
६) सम्बन्धित क्षेत्रका अद्यावधिक तथ्याङ्क एवं सूचकहरुको तुलनात्मक विश्लेषण,
७) विगत तीन वर्षको वार्षिक तथ्याङ्क एवं विगत तीन वर्षको प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित सम्बन्धित क्षेत्रको विद्यमान स्थिति, परिवर्तन र प्रवृत्तिबारे छोटो विश्लेषण, *(यो विवरण २०७६/१२/०५ भित्र पठाउनु पर्ने)*
८) विगत दश वर्षको सम्बन्धित क्षेत्रहरुको तथ्यांकको तालिका (प्रदेश वाहेक),
९) तथ्याङ्क विश्लेषण गर्दा आवश्यकतानुसार तालिका, चार्ट एवं ग्राफको प्रयोग र प्रयोग भएको तथ्याङ्कको श्रोत,
१०) लक्ष्य प्राप्तिमा आईपरेका कठिनाई तथा चुनौतिहरु र त्यसको समाधानमा भएका प्रयासहरुको बुँदागत विश्लेषण,
११) आर्थिक विकास र अर्थतन्त्रमा सम्बन्धित क्षेत्रवाट पुगेको सहयोगको विश्लेषण,
१२) आर्थिक सर्भेक्षणको अनुसूचीमा रहने विवरणहरु स्वीकृत वजेट र LMBIS मा प्रविष्टि भएका कार्यक्रमहरुसँग तादम्यता हुनु पर्नेछ ।

**पुनश्च**: सम्वन्धित विषयका सान्दर्भिक सामग्रीलाई मन्जुषा (Box) को रुपमा समेत उपलब्ध गराईदिनुहुन र विवरणहरु उलब्ध गराउँदा नेपाली भाषामा "Unicode (Kalimati)" अंग्रेजी भाषामा "Times New Roman" अनिवार्य रुपमा प्रयोग गरी Soft Copy समेत यस शाखाको Email address: planning.mofaga@gmail.com मा उपलब्ध गराउनु हुन अनुरोध गर्दछु ।

**सादर अवगतार्थ**
श्रीमान् महाशाखा प्रमुख ज्यू (सवै), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार।

**बोधार्थ**
श्री सूचना प्रविधि शाखा, वेबसाईटमा अपलोड गर्नुहुन ।

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत